लोक सेवा आयोग

अप्राविधिक तर्फका नेपाल लेखापरीक्षण सेवा, राजपत्रअनंकित प्रथम श्रेणी,
नायब सुब्बा वा सो सरह पदको द्वितीय चरणको खुल्ला प्रतियोगितात्मक लिखित परीक्षा
मिति: २०८२/१/१६

समय: २ घण्टा ३० मिनेट **पत्र: तृतीय** **पूर्णाङ्क: १००**

विषय: सेवा-समूह सम्बन्धी

(Service-Group Related Subject)

तलका प्रश्नहरूको उत्तर Section अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ ।

खण्ड (Section) – A — अंक – 30

1. नेपालमा सरकारी बजेट तर्जुमा प्रक्रियामा देखापरेका प्रमुख चुनौतीहरू उल्लेख गर्नुहोस् । **5**
Mention the main challenges observed in the government budget formulation process in Nepal.

2. सार्वजनिक क्षेत्र लेखामान भन्नाले के बुझिन्छ? यसका प्रमुख उद्देश्यहरू के के हुन्? लेख्नुहोस् । **3+2=5**
What is meant by the public sector accounting standard? What are its major objectives? Write down.

3. खाता सूचीको परिचय दिँदै सरकारी आर्थिक प्रशासनमा यसको महत्त्व उल्लेख गर्नुहोस् । **2+3=5**
Introducing the Chart of Accounts, mention its importance in financial administration of the government.

4. एकल खाता कोष प्रणाली भन्नाले के बुझ्नुहुन्छ? यसका सकारात्मक पक्षहरू प्रष्ट पार्नुहोस् । **2+3=5**
What do you understand by Treasury Single Account (TSA) system? Clarify its positive aspects.

5. आर्थिक प्रशासन भनेको के हो? संगठनमा आर्थिक अनुशासन कायम राख्न लेखा प्रमुखले कसरी महत्त्वपूर्ण भूमिका खेल्न सक्छ? विस्तृतमा व्याख्या गर्नुहोस् । **4+6=10**
What is Financial Administration? How can a Chief of Account play a vital role in maintaining fiscal discipline in an organization? Explain in detail.

खण्ड (Section) – B — अंक – 30

6. सार्वजनिक निकायमा खरिद इकाईको गठन प्रक्रिया र जिम्मेवारी उल्लेख गर्नुहोस् । **2+3=5**
Mention the formation process and responsibilities of procurement unit in a public entity.

7. पारदर्शिता र प्रतिस्पर्धाको सिद्धान्त सार्वजनिक खरिदमा किन आवश्यक छ? उदाहरणसहित स्पष्ट गर्नुहोस् । **5**
Why is the principles of transparency and competition necessary in public procurement? Clarify with examples.

8. जिन्सी निरीक्षण प्रतिवेदनमा के कस्ता मुख्य विवरणहरू समावेश गरिन्छन्? व्याख्या गर्नुहोस् । **5**
What major particulars are included in the inventory inspection report? Explain.

9. "सदरस्याहा" भन्नाले के बुझ्नुहुन्छ? "सदरस्याहा" गर्ने अवस्था र प्रक्रियाबारे उल्लेख गर्नुहोस् । **2+3=5**
What do you mean by "Sadarsyaha"? Mention the conditions and process of "Sadarsyaha".

10. राजस्व व्यवस्थापन सूचना प्रणालीका प्रमुख विशेषताहरू वर्णन गर्दै यसले नेपालको राजस्व व्यवस्थापन प्रणालीलाई सुधार गर्न कसरी योगदान पुऱ्याएको छ? स्पष्ट पार्नुहोस् । **10**
Describing the key features of Revenue Management Information System (RMIS), how has it contributed to improve Nepal's Revenue Management System? Elucidate.

खण्ड (Section) – C **अंक – 40**

11. लेखापरीक्षण भन्नाले के बुझिन्छ? आन्तरिक र अन्तिम लेखापरीक्षणबीचका भिन्नताहरू उल्लेख गर्नुहोस् । **2+3=5**
What is meant by audit? Mention the differences between internal and final audit.

12. जोखिममा आधारित लेखापरीक्षण भन्नाले के बुझिन्छ? यसको औचित्यतासमेत उल्लेख गर्नुहोस् । **5**
What is meant by risk-based auditing? Mention its rationality as well.

13. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार बजेट समितिको काम र कर्तव्य लेख्नुहोस् । **5**
According to the Financial Procedures and Fiscal Responsibility Regulations, write down the functions and duties of the budget committee.

14. कोष तथा लेखा नियन्त्रक कार्यालयको भूमिका र आवश्यकता वर्णन गर्नुहोस् । **5**
Describe the role and necessity of the Treasury Comptroller Office.

15. वित्तीय हस्तान्तरणमार्फत् स्थानीय तहलाई उपलब्ध गराइने सशर्त अनुदान र समानीकरण अनुदानबारे स्पष्ट पार्नुहोस् । **5**
Clarify about the conditional grants and equalization grants which are provided to local levels through financial transfers.

16. राजस्वलाई परिभाषित गर्नुहोस् । 'लगती' र 'हसवली' राजस्वबारे उल्लेख गर्नुहोस् । **2+3=5**
Define revenue. Mention about 'Lagati' and 'Hasabali'.

17. बेरुजू भनेको के हो? बेरुजूको अभिलेख राख्ने र फर्स्यौट गर्ने सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी कानूनमा के कस्तो व्यवस्था छ? व्याख्या गर्नुहोस् । **10**
What is irregularities? What are the provisions regarding recording and settlement of irregularities as per the law relating to financial procedure and fiscal Accountability? Explain.

«« समाप्त »»

Re-typed for readability by Loksewa Pathsala from the question paper of the Public Service Commission (Lok Sewa Aayog), Nepal. If there is any difference, the original paper published by the Commission prevails.
Please share the page link loksewapathsala.com, not this file.